भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# मिल्किङ्ग पार्लर(स्थापना र सञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा मिल्किङ्ग पार्लरको स्थापना र सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले सो रकम उपयोग गरी यस प्रदेशका दूध उत्पादक कृषकका पद्धतीमा आधुनिकीकरण र यान्त्रिकरण गरी प्रतिस्प्रर्धात्मक रुपमा विकास गर्न एवं गुणस्तरीय दूध उपभोक्तालाई उपलब्ध गराउन मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मिल्किङ्ग पार्लर(स्थापना र सञ्चालन) कार्यविधि, २०७५" रहने छ ।

(२) यो कार्यविधि प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले मिल्किङ्ग पार्लर(स्थापना र सञ्चालन) सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"निजी फार्म"** भन्नाले निजी पशु विकास फार्म सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"भौतिक पुर्वाधार"** भन्नाले मिल्किङ्ग पार्लर स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु(भवन, बिजुली, पानी, सडक तथा मेशिनरी औजारहरु) सम्झनु पर्छ ।

(छ) **"मिल्किङ्ग पार्लर"** भन्नाले व्यवस्थित रुपमा दूध दुहुनाको साथै सङ्कलन गरी बजारसम्म पुर्‍याउनको लागि बनाईएको भौतिक संरचना सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(झ) **“मूल्याङ्कन समिति”** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ञ) **“विषय विज्ञ”** भन्नाले मिल्किङ्ग पार्लर सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा मन्त्रालयले काम लिन सक्ने सरकारी वा गैह्रसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक ब्यक्तित्व सम्झनु पर्छ ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका वा उप महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) स्वच्छ दूध उत्पादन गरी संभाव्य जुनोटिक रोगको नियन्त्रणमा सहयोग पुर्‍याउने,

(ख) कृषकहरुको दूध उत्पादन लागत कम गरी व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न मन्त्रालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कताका अनुसार गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम संचालन प्रकृया

६. **मिल्किङ्ग पार्लर(स्थापना र सञ्चालन):** मन्त्रालयले मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गर्न आर्थिक तथा प्राविधिक पक्षको अध्ययन गरी उपयुक्त स्थान तोक्ने छ ।

७. **प्रस्ताव आह्वानः** मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गर्न ईच्छुक साझेदारबाट प्रस्ताव पेश गर्न तिस दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा मन्त्रालयले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **प्रस्ताव दर्ताः** दफा ७ बमोजिमको समय अवधी भित्र मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गर्न ईच्छुक साझेदारले अनुसूची-३ बमोजिमको आवेदन-पत्र साथ सम्बन्धित स्थानीय तह र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र एवं अनुसूची-४ बमोजिम आवश्यक कागजातहरु, अनुसूची-५ बमोजिम प्रस्ताव-पत्र र अनुसूची-६ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र तयार गरी मन्त्रालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नु पर्नेछ ।

९. **प्रस्ताव संकलनः** सम्बन्धित कार्यालयमा दर्ता भएका प्रस्तावहरु संकलन गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. **प्रस्तावको मूल्याङ्कनः** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-७ बमोजिम मूल्याङ्कनका आधार र मापदण्ड बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी प्रस्तावक साझेदारहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई सिलिसिलेवार क्रममा कम्पाईल गर्नेछ । उक्त प्रस्तावहरु मन्त्रालयमा

स्वीकृतार्थ पेश गर्नेछ । सोही आधारमा मन्त्रालयले प्रस्ताव स्वीकृत एवं संस्था छनौट गर्नेछ ।

११. <u>प्रस्तावकलाई जानकारी:</u> छनौट भएका प्रस्तावहरुको जानकारी सम्बन्धित साझेदारलाई मन्त्रालयले निर्णय भएको मितिले सात दिन भित्र दिनु पर्नेछ ।

१२. <u>सम्झौता:</u> (१) दफा १० बमोजिम छनौट भएका साझेदारसँग सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई मन्त्रालयले जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने साझेदारसँग मन्त्रालयले अनुसूची-८ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयभित्र उपदफा (२) बमोजिम सम्झौता गर्न नआउने साझेदारको छनौट स्वतः रद्द भएको मानि दोश्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ८ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी उपदफा (३) बमोजिमको अवस्था पर्न आए अनुसूची-२ बमोजिम मन्त्रालयले पुनः प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(५) सम्झौता अनुरुप मिल्किङ्ग पार्लर स्थापना नगर्ने प्रस्तावक साझेदार संस्थालाई मन्त्रालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(६) मिल्किङ्ग पार्लर स्थापना कार्य अधुरो छाडी अन्यत्रै विक्री गरी दुरुपयोग गरेको पाइएमा अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

१३. <u>सामाजिक उत्तरदायित्वः</u> मन्त्रालयबाट अनुदान प्राप्त गर्ने साझेदारले मिल्किङ्ग पार्लर स्थापना हुँदा रोजगार प्राप्तहरु मध्ये लक्षित समूदाय(महिला, दलित, जनजाती आदी)लाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुन लाग्ने विमा शुल्कको पचास प्रतिशत रकम बहन गर्नु पर्नेछ । उक्त रकम सिधै सम्बन्धित विमा कम्पनीलाई दिनु पर्नेछ ।

## परिच्छेद -४
## <u>मापदण्ड</u>

१४. <u>मापदण्डका आधारहरुः</u> (१) साझेदारले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) कम्तिमा पचास दुहुना उन्नत गाई/भैंसी पालन गरेको ।

(ख) फार्मका सम्पूर्ण पशुहरुको विमा गरेको ।

(ग) मिल्किङ पार्लर स्थापनाका लागि उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिर्गमन गर्ने गरी पूर्वाधार तथा भवनहरुको डिजाईन तथा लागत अनुमान तयार गरेको वा पूर्वाधार निर्माण गरेको ।

(घ) नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको साथै कुनै कारवाहिमा नपरेको ।

(ङ) मिल्किङ पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा पचास प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको ।

(च) फार्ममा जैविक सुरक्षा सम्वन्धि नियमहरुको पूर्ण पालना गरेको ।

(छ) गाई/भैंसी गोठबाट नजिक भएको ।

(ज) संरचना सिमेन्टेड भएको ।

(झ) एक पटकमा कम्तिमा ६ वटा पशु दुहुन मिल्ने व्यवस्था भएको ।

(ञ) दुधको अभिलेख नियमित रुपमा पार्लरमा नै राख्ने व्यवस्था भएको ।

(ट) सफा पानीको प्रयाप्त उपलब्धता भएको ।

(ठ) दाना र पानी खुवाउने समुचित व्यवस्था भएको ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

## परिच्छेद -५
## आर्थिक पक्ष

१५. <u>अनुदान वितरण प्रकृया:</u> मिल्किङ्ग पार्लरको स्थापना र सञ्चालन कार्यक्रम कार्यान्वियनको लागि अनुदान वितरण तपसिल बमोजिमको प्रकृया अनुसार गरिने छः- (रकम रु. हजारमा)

| क.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदान | साझेदारी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सहकार्यमा नमूनाको रुपमा मिल्किङ्ग पार्लरको स्थापना तथा सञ्चालन (मेसिनरी र पूर्वाधार निर्माणका लागि) | फार्म | २ | ४००० | ४००० | ८००० |
| २ | मिल्किङ्ग मेसिन खरिद | संख्या | ६ | २००० | २००० | ४००० |
| | जम्मा | | | ६००० | ६००० | १२००० |

(क) छनौट भएका साझेदारलाई यस मन्त्रालयद्वारा बढीमा दुई किस्तामा अनुदान रकम उपलब्ध गराईने छ ।

(ख) अनुदान रकमको तीन प्रतिशत कन्टिन्जेन्सी कटाई सम्बन्धित साझेदारलाई बाँकी रकम उपलब्ध गराईने छ ।

(ग) प्रथम किस्तामा लागत अनुमानको पचास प्रतिशत रकम(रु. विस लाखबाट नवढाई) मेशिनरी र पूर्वाधार निर्माणको लागि उपलब्ध गराईने छ । त्यसैगरी तिन वटा मिल्किङ्ग मेसिन खरिद गर्न लागत अनुमानको पचास प्रतिशत रकम(रु. दश लाखबाट नवढाई) उपलब्ध गराईने छ ।

(घ) साझेदार संस्थाले उपदफा (ग) बमोजिमको कार्य सम्पन्न गरेपछी मात्र प्रथम किस्ताको बाँकी रकम भुक्तानी गरिने छ ।साथै सम्पूर्ण कार्य सम्पन्न भए पश्चात दोश्रो किस्ता अनुदान रकम उपलब्ध गराईने छ ।

(ङ) मन्त्रालयले अनुदान प्राप्त गर्ने साझेदार संस्थाको विवरण चौमासिक रुपमा मन्त्रालयको वेभसाईटमा राख्नु पर्नेछ ।

## परिच्छेद -६
## विविध

१६. **प्रगति पठाउने प्रकृया:** (१) मिल्किङ्ग पार्लर स्थापना गर्ने साझेदारले मासिक रुपमा प्रगति प्रतिवेदन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले मन्त्रालयमा पठाउनु पर्नेछ।

१७. **कार्यक्रमको प्रभावकारीता:** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१८. **संशोधन:** यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउने छ ।

१९. **वचाउ** : यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

डा. विजय चन्द्र झा
प्रदेश सचिव

## अनुसूची -१
### (दफा ७सँग सम्बन्धित)
### प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः … … … …

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडाको आर्थिक वर्ष … … … को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गरिने भएको हुँदा इच्छुक साझेदारले अनुसूची-३ बमोजिम आवेदन-पत्र साथ सम्बन्धित कार्यालयले दिएको सिफारिस-पत्र एवं अनुसूची-४ बमोजिम आवश्यक कागजातहरु, अनुसूची-५ बमोजिम प्रस्ताव-पत्र र अनुसूची-६ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र तयार गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तीस दिनभित्र मन्त्रालय वा कार्यालयमा दर्ता गराउनु हुन प्रस्ताव आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि मन्त्रालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

डा. विजय चन्द्र झा
प्रदेश सचिव

अनुसूची -२

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

<u>पुनः प्रस्ताव आव्हान गरिएको सूचना</u>

दोश्रो पटक प्रकाशित मितिः ... ... ... ...

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिल्किङ्ग पार्लरको स्थापना र सञ्चालन गर्न दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी दफा १२ को उपदफा (३) बमोजिमको अवस्था पर्न आएकोले मिल्किङ्ग पार्लरको स्थापना र सञ्चालन कार्यक्रम प्राप्त गर्न इच्छुक साझेदारले अनुसूची-३ बमोजिम आवेदन-पत्र साथ सम्बन्धित स्थानीय तह र कार्यालयले दिएको सिफारिस-पत्र एवं अनुसूची-४ बमोजिम आवश्यक कागजातहरु, अनुसूची-५ बमोजिम प्रस्ताव-पत्र र अनुसूची-६ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र तयार गरी यो दोश्रो पटक प्रकाशित सूचनाको मितिले पन्ध्र दिन भित्र मन्त्रालय वा कार्यालयमा प्राप्त हुने गरी पेश गर्न पुनः प्रस्ताव आव्हान गरिन्छ । विस्तृत जानकारीका लागि मन्त्रालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

डा. विजय चन्द्र झा
प्रदेश सचिव

अनुसूची -३

(दफा ८सँग सम्बन्धित)

**कार्यक्रम प्राप्त गर्न दिईने आवेदन-पत्र**

मितिः..............

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ मन्त्रालयबाट मिति ... ... ... ... गतेको राष्ट्रिय दैनिक ... ... ... ... मा प्रकाशित मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन कार्यक्रम सम्बन्धी सूचना अनुसार प्रस्ताव आह्वान गरिएकोमा, ... ... ... ... जिल्ला, ... ... ... ... गाउँपालिका/नगरपालिका/उप महानगरपालिका /महानगरपालिकामा सञ्चालित ... ... ... ... पशु विकास फार्मलाई उक्त कार्यक्रम पाउन चाहना भएको हुँदा, सम्बन्धित कार्यालय र सम्बन्धित स्थानीय तहको सिफारिस-पत्र साथ आवश्यक कारवाहीको लागि प्रस्ताव पेश गरेको छु ।

**प्रस्तावक साझेदार**

दस्तखतः
मिति :
नामथर :
संस्थाको नाम :
संस्थाको छाप :

डा. विजय चन्द्र झा
प्रदेश सचिव

अनुसुची -४

(दफा ८सँग सम्बन्धित)

<u>आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

(१) रु. १०।– को हुलाक टिकट टाँस गरेको निवेदन सहितको प्रस्ताव-पत्र,

(२) नेपाली नागरीकताको प्रतिलिपी,

(३) संस्था/व्यवसायिक फार्म सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,

(४) संस्था/फार्मका पशुहरुको विमा गरेको प्रमाण,

(५) संस्था/फार्मले कम्तिमा पचास दुहुना उन्नत गाई/भैंसी पालन गरेको प्रमाण,

(६) मिल्किङ्ग पार्लर स्थापनाका लागी उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिर्गमन गर्ने गरी पुर्वाधार तथा भवनहरुको डिजाईन (ईष्टिमेट गरेको वा पुर्वाधार निर्माण गरेको) प्रमाण,

(७) कर चुत्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको प्रमाण,

(८) मिल्किङ्ग पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा पचास प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको स्वघोषणा-पत्र,

(९) संस्था/फार्मले जैविक सुरक्षा सम्वन्धी नियमहरुको पूर्ण पालना गरेको प्रमाण,

(१०) मापदण्ड पूरा भएको भनि कार्यालय र स्थानीय तहले गरेको सिफारिस-पत्र ।

डा. विजय चन्द्र झा

प्रदेश सचिव

अनुसूची -५

(दफा ८सँग सम्बन्धित)

**प्रस्ताव-पत्रको ढाँचा**

| | | |
|---|---|---|
| १ | प्रस्तावकको नाम | |
| २ | फार्म दर्ता नम्बर र मिति | |
| ३ | दर्ता भएको कार्यालय | |
| ४ | भ्याट/पान दर्ता नम्बर र मिति | |
| ५ | फार्म स्थापना मिति | |
| ११ | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | |
| १२ | उद्देश्यहरु : | |
| | | |
| | | |
| | | |
| | | |
| १३ | प्रस्तावित कार्यक्रमबाट हाँसिल हुने प्रमुख ५ उपलब्धीहरु : | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक सुविधाहरु : | | | |
| | सडक छ/छैन | | नजिकको बजारको नाम | |
| | कच्ची/पक्की | | दूरी | |
| | बिजुली छ/छैन | | सदरमुकाम देखिको दूरी | |
| | पानीको ब्यवस्था | | | |
| १५ | लक्षित समुदाय तथा परिवार संख्या | | | |
| १६ | सम्पन्न गर्ने कार्यक्रमहरुको बूंदागत बिवरणहरु : | | | |

| क्र.सं. | सम्पन्न कार्यक्रमहरुको विवरण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| १७ | कुल अनुमानित कार्यक्रम बजेट | |
| १८ | प्रस्तावकले थप गर्ने बजेट | |
| १९ | योजना समासी पश्चात हासिल हुने ५ उपलब्धिहरु बूंदागत रुपमा सम्भव भए परिमाण खुलाउने : | |
| क्र.सं. | उपलब्धीहरु | परिमाण |
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

माथी उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु । कहिं कतै झुठो ठहरिएमा कानून बमोजिम सजायको भागिदार बन्न तयार समेत रहेको ब्यहोरा अवगत गराउदछु ।

<u>प्रस्तावक साझेदारको तर्फबाट :</u>

दस्तखतः

मिति :

नामथर :

संस्थाको नाम :

संस्थाको छाप :

डा. विजय चन्द्र झा
प्रदेश सचिव

अनुसूची -६

(दफा ८ सँग सम्बन्धित)

<u>लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र</u>

मितिः

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः <u>साझेदारी गर्ने प्रतिवद्धता जाहेर गरिएको बारे ।</u>

महोदय,

तहाँ मन्त्रालयको मिति ........ गतेको ........ राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार मैले/हामीले मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन कार्यक्रम कार्यान्वयनका लागि अनुदान रकम प्राप्त गरेमा नपुग हुने सम्पूर्ण खर्च आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं ।

<u>प्रस्तावक साझेदारको</u>

हस्ताक्षरः

मितिः

नामथरः

पदः

संस्थाको नामः

संस्थाको छापः

डा. विजय चन्द्र झा
प्रदेश सचिव

अनुसूची -७

(दफा १०सँग सम्बन्धित)

**साझेदार संस्था छनौटका लागि मूल्याङ्कनका आधारहरु**

(१) साझेदारको मूल्याङ्कन गर्दा देहाय बमोजिमको आधारमा गरिन्छः

(क) कम्तिमा पचास दुहुना उन्नत गाई/भैंसी पालन गरेको छ/छैन,

(ख) फार्मका सम्पूर्ण पशुहरुको विमा गरेको छ/छैन,

(ग) मिल्किङ्ग पार्लर स्थापनाका लागि उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिर्गमन गर्ने गरी पूर्वाधार तथा भवनहरुको डिजाईन तथा लागत अनुमान तयार गरेको वा पूर्वाधार निर्माण गरेको छ/छैन,

(घ) नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको साथै कुनै कारवाहिमा नपरेको छ/छैन,

(ङ) मिल्किङ्ग पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा पचास प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको छ/छैन,।

(च) फार्ममा जैविक सुरक्षा सम्वन्धी नियमहरुको पूर्ण पालना गरेको छ/छैन,

(छ) गाई/भैंसी गोठबाट नजिक भए/नभएको,

(ज) संरचना सिमेन्टेड भए/नभएको,

(झ) एक पटकमा कम्तिमा ६ वटा पशु दुहुन मिल्ने व्यवस्था भए/नभएको,

(ञ) दुधको अभिलेख नियमित रुपमा राख्ने व्यवस्था छ/छैन,

(ट) सफा पानीको प्रयाप्त उपलब्धता छ/छैन,

(ठ) दाना र पानी खुवाउने समुचित व्यवस्था छ/छैन ।

(२) उपदफा (१) मा उल्लेखित मूल्याङ्कनका आधारका अतिरिक्त साझेदारको मूल्याङ्कन गर्न थप बुँदाहरुको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गर्नेछ ।

डा. विजय चन्द्र झा
प्रदेश सचिव

## अनुसुची -८
(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)
**सम्झौता-पत्र**

भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा (यसपछी प्रथम पक्ष भनिने) र ... ... ... जिल्ला, ... ... महानगरपालिका/उप महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नम्बर ... मा स्थायी बसोवास भई ... ... ... जिल्ला ... ... ... महानगरपालिका/उप महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नम्बर ... मा सञ्चालनमा रहेको ... ... ... ... फार्मका प्रोप्राइटर वर्ष ... का श्री ... ... ... ... (यसपछि दोश्रो पक्ष भनिने) विच सहकार्यमा मिल्किङ्ग पार्लर स्थापना र सञ्चालन गर्न तपसिलका शर्तनामाहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिलः

(१) प्रथम पक्षले अनुदान रकमको तीन प्रतिशत कन्टिन्जेन्सी कटाई दोश्रो पक्षलाई बाँकी रकम उपलब्ध गराउने छ ।

(२) दोश्रो पक्षले कुल लागतको कम्तीमा पचास प्रतिशत कार्य सम्पन्न गरेको प्रमाणका आधारमा प्रथम पक्षले अनुदान वापतको रकम बढीमा दुई किस्तामा दोश्रो पक्षको बैंक खातामा जम्मा गरिदिने छ ।

(३) दोश्रो पक्षले प्रथम किस्ताको रकम लिनका लागि सम्पूर्ण लागतको पचास प्रतिशत कार्य सम्पन्न गरेको हुनु पर्दछ ।

(४) यसरी रकम जम्मा भै सकेपछि दोश्रो पक्षले स्वीकृत योजना अनुसारका मिल्किङ्ग मेशिनरी औजार एवं उपकरणहरुको खरिद, जडान र सञ्चालनको व्यवस्था गर्नु पर्नेछ ।

(५) मेशिन उपकरणहरुको सञ्चालन र मर्मत संभार एवं जडान पश्चातका व्यवस्थापन र खर्चको सम्पूर्ण दायित्व दोश्रो पक्षको हुनेछ ।

(६) दोश्रो पक्षले जडान भएका मेशिन उपकरणहरु हस्तान्तरण गर्न वा बेच्न पाउने छैन।

(७) दोश्रो पक्षले तोकिएका मापदण्डको पूर्ण पालना गरी मिल्किङ्ग पार्लर सञ्चालन गर्नु पर्नेछ ।

(८) दोश्रो पक्षले यो सम्झौता वमोजिम आंशिक वा पुरै कार्य नगरेमा वा अनुदान रकमको दुरुपयोग गरेमा उपलब्ध गराइएको मेसिनरी सामानहरु प्रथम पक्षले फिर्ता लिई अर्को फार्मलाई दिन सक्नेछ ।

(९) दोश्रो पक्षले तोकिएको फर्मेटमा कार्यालयलाई मासिक प्रगति विवरण बुझाउनु पर्नेछ ।

(१०) यसमा लेखिए बाहेकका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| फार्म/संस्थाको नाम ठेगानाः | मन्त्रालयः |
| मितिः | मितिः |
| फार्म/संस्थाको छापः | मन्त्रालयको छापः |